SWiFT Evaluation
EVIDENCE FOR SAFE MIGRATION

LONDON SCHOOL of HYGIENE &TROPICAL MEDICINE

**स्वीफ्ट अनुसन्धान जानकारी पत्र**

**नेपाल जानकारी पत्र, संख्या २, मे २०१७**

स्टडी अन वर्क इन फ्रिडम ट्रान्स्न्यासनल (स्वीफ्ट) को मूल्यांकनबाट पत्ता लागेका जानकारी

# नेपालमा वर्क इन फ्रिडम समुदाय हस्तक्षेप गतिविधिमा सम्भावित महिला प्रवासीको सहभागिताबाट सिकिएका पाठ

**यस जानकारीपत्रमा नेपालमा वर्क इन फ्रिडम (डब्लुआईएफ) कार्यक्रम लागू भएका मोरङ, चितवन र रूपन्देहीका कामका लागि विदेश जान खोज्ने महिलामा गरिएको अनुसन्धानबाट पत्ता लागेका जानकारी समावेश गरिएका छन् । यसमा ती महिलाहरूको प्रवासन योजना र वर्क इन फ्रिडमका समुदायमा आधारित तालिममा उनीहरूको सहभागिता सम्बन्धमा पत्ता लागेका जानकारी प्रस्तुत गरिएका छन् । वर्क इन फ्रिडमद्वारा सञ्चालित पूर्वनिर्णय तालिममा प्रवासन सम्बन्धी सल्लाहका साथै नेपालमा रोजगारीका अवसर, लैंगिक समानता र अधिकार तथा श्रमिकका अधिकार सम्बन्धी अरू जानकारी पनि दिइएका थिए (बक्स १ हेर्नुहोला) ।**

## पृष्ठभूमि

बितेका दशकमा विदेशमा कामका अवसर खोज्ने नेपाली महिलाहरूको संख्या बढ्दो छ । कामका लागि विदेश जाने नेपाली महिलाले अनौपचारिक बाटो उपयोग गर्ने हुनाले नेपालबाट कति महिला कामका लागि विदेश जान्छन् भन्ने कुरा अनुमान गर्न कठिन छ । सरकारी आँकडा अनुसार कामका लागि विदेश जाने नेपाली महिलाको संख्या बढ्दो छ । सन् १९८५ देखि २००१ सम्ममा १६१ जना महिला मात्र कामका लागि विदेश गएका थिए । यस विपरीत, बितेका केही वर्षमा कामका लागि विदेश जाने महिलाको संख्या ह्वात्तै बढेको छ । सन् २०१०-११ मा १०,४१६ जना महिलालाई श्रम अनुमतिपत्र दिइएको थियो भने सन् २०१४-१५ मा २१,४२१ जनालाई यस्तो अनुमतिपत्र दिइएको थियो ।[१]

अधिकांश नेपाली प्रवासी महिला कामदार घरायसी काम गर्छन्, यद्यपि स्याहारसुसार, अन्य सेवा क्षेत्र र कारखानामा काम गर्ने महिलाको संख्या पनि बढ्दैछ ।[२] गन्तव्य देशमा र देश छाड्नुअघि स्वदेशमा यी कामदार खासगरी घरायसी कामदारको शोषण र दुर्व्यवहार भएका घटनाका विवरण बारम्बार आउने गरेका छन् । प्रवासन खासगरी महिला प्रवासनलाई सुरक्षित बनाउनका लागि धेरै कार्यक्रम सञ्चालित छन् ।[३ ४]

### जानकारीको स्रोत

यहाँ दिइएका जानकारी मोरङ, चितवन र रूपन्देहीका विदेश जान चाहने महिलामा गरिएको सर्वेक्षणमा आधारित छ । ती महिलाको छनोट डब्लुआईएफ कार्यान्वयन साझेदारले गरेका थिए । सर्वेक्षणपछि टेलिफोन सर्वेक्षण (संख्या=१८८) र डब्लुआईएफको दुई दिने पूर्वनिर्णय तालिममा भाग लिएका ६ जनासँग गरिएको गुणात्मक अनुगमन अन्तर्वार्ताबाट प्राप्त जानकारी पनि यहाँ दिइएका छन् ।

**बक्स १: वर्क इन फ्रिडम समुदायमा आधारित गतिविधि**

**सामुदायिक अभिमुखीकरण (चार घण्टासम्म):**
लैंगिक समानता, रोजगारी, कामदारका अधिकार र सुरक्षित प्रवासनमा केन्द्रित


**दुई दिने पूर्व निर्णय तालिम**
समानता र अधिकार सम्बन्धी विषय विस्तारमा, विदेश जाने निर्णय गर्नुभन्दा पहिले ध्यान दिनुपर्ने बुँदाहरू: नेपालमा रोजगारीका अवसर सम्बन्धमा छलफल, खर्च र फाइदा लगायत, विदेश जानका लागि तयारी, साझा सम्भावित समस्या, सीप तालिम र आपत् कालमा सम्पर्क विवरण ।

तालिमपछि गुणात्मक अन्तर्वार्ताका क्रममा सहभागीहरूलाई तालिम र त्यहाँ पाइएका जानकारीको उपयोगिताबारेमा उनीहरूको धारणा के छ भनी सोधिएको थियो ।

### महिला विदेश जान किन चाहन्छन् र उनीहरूले तालिममा किन भाग लिएका हुन् ?

अनुगमन सर्वेक्षणका क्रममा अन्तर्वार्ता गरिएका १८८ जना महिलामध्ये एकतिहाइ (संख्या=५८) ले उनीहरूले विदेश जाने इच्छा त्यागेको बताएका थिए । एकतिहाइ (संख्या=५८) ले विदेश जाने इच्छा अहिले पनि रहेको बताएका थिए र १५ प्रतिशत (संख्या=२७) ले उनीहरू

**चित्र १: सहभागी भएका तालिमका प्रकार** (संख्या=१८८)



गन्तव्य देश पुगिसकेको बताएका थिए । आधा जति (५५ प्रतिशत) महिलाले मात्र काम सम्बन्धी सीप (स्वदेश वा विदेश जहाँ भए पनि) सिक्न तालिम लिएको बताएका थिए । यी महिलामध्ये ५० प्रतिशतले वर्क इन फ्रिडमको दुई दिने पूर्वनिर्णय तालिम, १४ प्रतिशतले सीपमूलक तालिम र ६ प्रतिशतले सामुदायिक अभिमुखीकरण कार्यक्रममा भाग लिएका थिए । विदेश जानुअघिको अभिमुखीकरण, भाषा तालिम र वित्तीय साक्षरता तालिम साह्रै थोरै कामदारले मात्र लिएका थिए । डब्लुआईएफ तालिम लिएका १२ प्रतिशत (संख्या=११) ले तालिमले गर्दा विदेश जाने विषयमा आफ्नो विचार फेरिएको बताएका थिए ।

### डब्लुआईएफ दुई दिने पूर्वनिर्णय तालिममा महिलाको अनुभव


दुई दिने पूर्वनिर्णय तालिममा भाग लिएका महिलाले तालिमबाट अधिकतम सन्तुष्टि मिलेको खासगरी तालिमले विदेश जानका लागि के के गर्नुपर्छ र कसरी सुरक्षित रहनुपर्छ भन्ने कुरा बुझ्न मद्दत गरेको बताए । विदेश जानका लागि कस्ता कस्ता कागजात बनाउनुपर्छ भन्ने कुरालाई उनीहरूले तालिमबाट सिकेको सबैभन्दा महत्वपूर्ण विषयका रूपमा लिएका थिए । कुन बाटो (भारत हुँदै होइन काठमाडौंको विमानस्थलबाट सोझै) जानुपर्छ भन्ने कुरालाई उनीहरूले तालिममा सिकेको दोस्रो महत्वपूर्ण जानकारी ठानेका थिए । आफूलाई समस्या परेका खण्डमा सम्पर्क गर्न सकिने भनी तालिममा दिइएका सरकारी र गैरसरकारी संस्थाका सम्पर्क ठेगाना एकदमै उपयोगी भएको पाएका थिए । विदेशमा आफूले गर्नुपर्ने कामका बारेमा थप जानकारी पाउन, भाषा र प्राविधिक सीप सिक्न उनीहरू इच्छुक थिए । घरायसी काम गर्नका लागि विदेश जाने महिलाले ३० दिने सीपमूलक तालिम लिनुपर्छ । तर अन्य क्षेत्रमा जानेहरूका लागि यस्तो तालिमको प्रावधान छैन । विदेश जान चाहने र विदेश पुगिसकेकाहरू आफूले गर्नुपर्ने काम राम्रोसँग गर्न सकिने हो कि होइन भन्ने कुरामा चिन्तित थिए । प्रशिक्षकलाई महिलाले धेरै विश्वास गरेका थिए । गुणात्मक अन्तर्वार्तामा महिलाले प्रशिक्षक/अथवा कार्यक्रम कार्यान्वयन गर्ने साझेदार संस्थाको फोन नम्बर पाएको र आवश्यक पर्दा आफ्नो उद्दार हुन सक्ने कुरा थाहा पाउँदा आफू बढी सुरक्षित महसुस भएको बताएका थिए । यसबाट प्रशिक्षकले के कस्ता जानकारी दिए, महिलाले के बुझे र प्रशिक्षक र संस्थाले कस्तो भूमिका खेलुन् भनी महिलाले चाहेका छन् भन्ने कुरा थाहा पाइन्छ ।

महिलालाई प्रशिक्षक र तालिम सञ्चालन सम्बन्धमा खास प्रश्न सोधिएको थियो । उनीहरूले आफ्ना प्रश्न र चासोको जवाफ दिन प्रशिक्षक सधैं तयार रहेको बताए । विदेश गएर फर्किइसकेका महिलाको अनुभव सुनाउने व्यवस्था गरेको कुरालाई महिलाहरूले प्रशंशा गरे । विदेशबाट फर्किएका महिलाले प्रवासन सम्बन्धमा काम गर्ने संस्थासँग सहकार्य गर्ने अवसर भएको कुरा यसबाट प्रष्ट हुन्छ ।

### विदेश जान चाहने महिलालाई सहयोग गर्नका लागि समुदायको सम्बन्ध बलियो बनाउने

तालिमले महिलाहरूलाई यस्तो मञ्च प्रदान गऱ्यो जहाँ उनीहरूले आफ्ना साथीसँग ज्ञान आदानप्रदान गर्न र साथीहरूबाट सूचना पाउन सके । तालिममा उनीहरूले काम गर्न जाने ठाउँका राम्रा र नराम्रा पक्षका बारेमा पनि छलफल गरे । एक किसिमले, यसको के अर्थ लाग्छ भने साथी साथीबीचमा छलफल गराउने कार्यक्रम राख्दा विदेश जान चाहनेले विदेश गएर फर्किइसकेका महिलासँग उनीहरूका अनुभवबारेमा कुराकानी गर्न पाउँछन् । तर, एडब्लुआईएफटीले के पनि पाएको छ भने विदेश गएर फर्केकाहरूलाई श्रम प्रवासन प्रक्रिया, त्यसका लागि चाहिने कागजात र नियमबारेमा सही र अद्यावधिक जानकारी थाहा हुन्छ भन्ने मान्न सकिंदैन । उदाहरणका लागि, एडब्लुआईएफटीले विदेश जान चाहने मानिसका बीचमा गरेको सर्वेक्षणले के देखाएको छ भने विदेशमा बसोबास र काम गर्ने अवस्था, अथवा प्रवासी कामदारका अधिकार र जिम्मेवारीबारेमा उनीहरूलाई विदेश जान चाहनेलाई भन्दा खासै बढी जानकारी थिएन ।[६] विदेश जाँदा र त्यहाँ काम गर्दा भोग्नुपरेका व्यावहारिक र मनोवेगात्मक जानकारी दिन भने उनीहरू अति उत्तम हुन्छन् ।

चित्र २: डब्लुआईएफ पूर्वनिर्णय तालिमबाट सिकेका सबैभन्दा महत्वपूर्ण कुरा (संख्या=९४)



**भविष्यमा आयोजना गरिने तालिमका लागि महिलाका सुझाव**
तालिममा के कस्ता विषय समेटिनुपर्छ भनी सोधिएको प्रश्नको उत्तरमा महिलाले प्रवासनका व्यावहारिक पक्षका थप जानकारी दिनुपर्ने सुझाव दिए । जस्तै, कुन कुन कागजात चाहिन्छ भन्ने जानकारीका साथै ती कागजात कसरी बनाउने भन्ने जानकारी पनि । डब्लुआईएफ तालिममा यो विषय समेटिएको भए पनि सहभागीलाई यसको ह्याण्डआउट दिंदा राम्रो हुन्छ होला जसले गर्दा चाहिएका बेला उनीहरू त्यो कागज हेर्न सक्छन् । महिलाले तालिमको अवधि दुई दिनबाट बढाउन र एकचोटि तालिम गरेर छाड्नुभन्दा अनुगमन सत्र चलाउन सुझाव दिए । यसो गर्दा महिलालाई एउटा सत्रमा दिइएका जानकारी प्रशोधन गर्न समय मिल्छ, पछि अनुगमन सत्रमा उनीहरूले थप प्रश्न सोध्न सक्छन् । तर केही महिलाले आफूले दुई दिन पूरै समय दिन नसकेको बताए । यसका आधारमा तालिमको अवधि दुई दिनभन्दा बढाउनु उपयुक्त हुँदैन कि भन्ने प्रश्न उठ्छ । महिलाले तालिममा दिइएका केही जानकारी भुलेको पनि बताए । प्रवासन प्रक्रिया शुरू गरेको धेरै पछि मात्र उनीहरू कामका लागि विदेश जाने भएकाले पनि यसो भएको हुन सक्छ ।

## भविष्यमा आयोजना गरिने पूर्वनिर्णय तालिमका लागि पाठ

**भाषा तालिम र व्यावसायिक सीप ।** विदेश जान चाहनेहरूलाई भाषा तालिम र व्यावहारिक व्यावसायिक सीपमूलक तालिम उल्लेखनीय मात्रामा चाहिए जस्तो देखिन्छ । यसका केही पक्ष विदेश जानुअघि लिनैपर्ने भनी सरकारले तय गरेको तालिममा समेटिएका छन् । घरायसी कामदारका लागि ३० दिने कोर्स गरेकै हुनुपर्छ । भाषा अथवा विदेशमा धेरै नेपाली महिलाले काम गर्ने क्षेत्र (टेक्सटाइल, हेरचाह आदि) का सीपमूलक तालिम कहाँ पाइन्छन् भन्ने जानकारी दिने व्यवस्था गरेका खण्डमा यस्ता तालिम अझ फलदायी हुन्छन् । यी तालिम गर्नैपर्छ भनेर सरकारले अनिवार्य गरेको छैन ।

**आपत् कालमा सम्पर्क गर्न सकिने विश्वसनीय र व्यावहारिक सम्पर्क ।** तालिम सत्रमा आपत् पर्दा सम्पर्क गर्न सकिने नेपाल र विदेशका सही सम्पर्क ठेगाना दिनुपर्छ । यसबाहेक, महिलालाई के कुरामा सतर्क गराउनुपर्छ भने विदेशमा सहायता खोज्दा प्रायशः चुनौती आइलाग्छन् । खास संस्था र सरकारी निकायले सबै खालका सहयोग दिन सक्दैनन् भन्ने कुरा पनि उनीहरूलाई बताइदिनुपर्छ । महिलालाई आफू सुरक्षित भएको भ्रम दिनु हुँदैन । उनीहरूले खोज्ने बित्तिकै सहायता पाइन्छ भन्ने भान पार्नु हुँदैन । प्रशिक्षकले पनि यस विषयमा स्पष्ट पार्नुपर्छ ।

**तालिमको अवधि र विषयवस्तु ।** शुरूमा दुई दिने पूर्वनिर्णय तालिम दिइसकेपछि विदेश जाने सम्भावना बढी भएका सहभागीहरूका लागि अझ बढी लक्षित तालिम चलाउनेतर्फ सोच्नुपर्छ । यस्ता तालिममा प्रवासन प्रक्रिया शुरू गर्दा महिलालाई चाहिने जानकारी दिनुपर्छ । विदेश जाने योजना र प्रक्रियाका लागि धेरै महिना लाग्ने हुनाले चाँडै विदेश जान चाहने महिलालाई यस्तो तालिम दिंदा सबैभन्दा बढी प्रभावकारी हुन सक्छ ।

**सञ्जाल निर्माण ।** तालिमले सहभागीहरूलाई एकअर्कामा सम्पर्कमा रहन र आपसी सहयोग तथा जानकारी आदानप्रदान गर्नका लागि सञ्जाल बनाउन सहयोग गर्न सक्छ । विदेश जाने महिलाबीचमा भविष्यमा सञ्चार सहज बनाउन (सम्पर्क विवरण आदानप्रदान गर्न, डब्लुआईएफका साथी शिक्षक अथवा अन्य कर्मचारीबीच अनौपचारिक भेटघाट गर्न, अनलाइन सञ्चार गर्न) पनि तालिमले कोसिस गर्नुपर्छ । यसो गर्दा सुझाव कहाँ पाइन्छ भन्ने सूचनाको अभाव हुन पाउँदैन । यसो नगर्दा उनीहरूले विदेश जाने योजना बनाइन्जेलमा तालिममा दिइएका जानकारी बिर्सिइसकेका हुन्छन् ।

**विदेश गएर फर्केका र पहिलो पटक विदेश जान खोज्ने मानिसलाई चाहिने जानकारी ।** सूचना सम्बन्धी सत्रका लागि कार्यक्रमले एक पटक विदेश गइसकेका मानिसलाई चाहिने सबै जानकारी उनीहरूलाई थाहा हुन्छ भन्ने ठान्नु हुँदैन । यस्ता धेरैलाई पहिलो पटक विदेश जान चाहनेलाई चाहिए जस्तै जानकारी चाहिन्छ । तर, सहभागीका आवश्यकता के छन् भनी बुझ्नका लागि विदेश गएर फर्केका मानिससँग सम्पर्क गरी फेरि विदेश जाने बेलामा उनीहरूलाई कस्ता जानकारी चाहिन्छन् भनी थाहा पाउनु र यस समुदायमा पुग्ने सजिलो उपाय पत्ता लगाउनुपर्छ । एक पटक विदेश गएर फर्केकाहरूले पहिलो पटक विदेश जानेलाई आवश्यक पर्ने जस्ता जानकारी आफूलाई चाहिंदैनन् भन्ने ठानेका हुन सक्छन् ।

**नोट**


1 Ministry of Labour and Employment (MoLE). (2016). Labour Migration for Employment, A Status Report for Nepal: 2014/2015. Kathmandu: Government of Nepal.
2 Bhadra, C. (2008). International Labour Migration of Nepalese Women: The Impact of their Remittances on Poverty Reduction. Asia-Pacific Research and Training Network on Trade Working Paper Series, No. 44, September 2007 (Revised January 2008). Available at: www.unescap.org/sites/default/files/AWP%20 No.%2044.pdf Accessed 5 Jan. 2017.
3 ILO. (2016). Work in Freedom. Reducing vulnerability to trafficking of women and girls in South Asia and the Middle East. Supporting informed migration, fair recruitment and decent work. Available at: www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---sro-new_delhi/documents/publication/wcms_526175.pdf Accessed 15 March 2017.
4 UN Women. (2013). Empowerment of women migrant workers of Nepal. Sustianing the gains of foreign labour migration through the protection of migrant workers' rights. Available at: http://asiapacific. unwomen.org/en/digital-library/publications/2014/1/~/media/BE8885BCB283442182087CD31E5BA302.ashx Accessed 31 March 2017.
5 Abramsky T, Mak J, Zimmerman C, Kiss L, Sijapati B. Migration planning among female prospective labour migrants from Nepal: a comparison of first-time and repeat-migrants. (Under review)



आभार
स्वीफ्ट इभ्यालुएसन इन नेपालको नेतृत्व सेन्टर फर स्टडी अफ लेबर एण्ड मोबिलिटी, सोसल साइन्स बहाः काठमाडौंसँग मिलेर लण्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसन (एलएसएचटीएम) ले गरेको छ ।

स्वीफ्ट इभ्यालुएसनलाई अन्तर्राष्ट्रिय विकास विभागको युकेएडले सहयोग गरेको छ । तर यस जानकारी पत्रमा व्यक्त भएका विचारमा सो विभागको आधिकारिक नीति झल्किएको हुन्छ भन्ने छैन ।


Centre for the Study of Labour and Mobility

UKaid from the British people

LONDON SCHOOL of HYGIENE &TROPICAL MEDICINE